प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

निजी सचिवालय

मा. पूर्णा जोशी

मन्त्री

पत्र संख्याः- २०७८/७९

च.नं.

## विज्ञप्ति

भारतको बंगालको खाडी र उत्तरतिर सर्दै गरेको मध्यभारतमा रहेको न्यूनचापीय प्रणाली र पश्चिमी वायु प्रणालीको संयुक्त प्रभावका कारण २०७८ साल असोज ३१ देखि ऐ. कार्तिक २ गतेसम्म लगातार तीन दिनसम्म भारी बर्षा भएको छ। दुईवटा प्रणाली सक्रीय हुँदा नेपाल त्यसमा पनि विशेष गरी सुदूरपश्चिम प्रदेश नराम्ररी प्रभावित भएको अवस्था छ ।

अविरल बर्षाको कारण आएको बाढी र पहिरोका कारण सुदूरपश्चिममा ठुलो जनधनको क्षति हुनाको साथै जनजीवन निकै अस्तव्यस्त भएको छ । अविरल बर्षाका कारण बाढी, पहिरो र डुवानबाट हालसम्म सुदूरपश्चिम प्रदेश भर ३० जनाको मृत्यु, २१ जना बेपत्ता र १६ जना घाइते भएका छन् भने कयौ घरमा क्षति पुगेको छ । किसानहरु नराम्ररी प्रभावित भएका छन् । विपद्का घटनामा परी ज्यान गुमाउनेहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा परिवार र आफन्तजनमा समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना । साथै बेपत्ता भएकाहरुको जीवितै उद्धार हुन सकोस भन्ने समेत कामना गर्दछु । प्रदेश सरकारले सम्पूर्ण सुरक्षा संयन्त्र परिचालन गरी विपद् प्रभावितहरुको खोज, उद्धार र राहत कार्य तीव्र रुपमा गरिरहेको व्यहोरा जानकारी गराउँदछु ।

मौसमको प्रतिकूलताका बिच कैलाली, कन्चनपुर, डोटी, बझाङ्ग लगायतका जिल्लाहरुमा सेनाको हेलिकप्टर मार्फत घाइतेहरुको उद्धार र राहत सामग्रीको ढुवानी गरिएरहेको छ। खोज तथा उद्धार र राहतको कार्यलाई अझ प्रभावकारी बनाउन सुरक्षा निकाय, जनप्रतिनिधि, संस्था/ समुह, नागरिक समुदाय अहोरात्र लागि परेको अवस्था छ।

मिति २०७८।०७।०२ गते बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले प्रदेश विपद व्यवस्थापन कोषमा रु २५ करोड निकाशा दिने र सोही रकमबाट प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६ अनुसार प्रत्येक जिल्ला विपद व्यवस्थापन समितिलाई २५/२५ लाख निकाशा गर्ने निर्णय भएको समेत जानकारी गराउछु। यस विषम परिस्थितिमा सम्पूर्ण राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, साझेदार निकाय लगायत सबैलाई सम्वन्धित सरकारसँग समन्वय गरी उद्धार राहत सामाग्री वितरण, जनचेतना लगाएत आवश्यक अन्य सहयोगका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न सबैमा अनुरोध गर्दछु । विपदमा भएको अन्य सबै प्रकारको क्षतिको विवरण प्राप्त भए पश्चात कानून बमोजिम पीडित/प्रभावितहरुलाई राहत उपलब्ध गराउन समेत प्रदेश सरकार प्रतिवद्ध छ। विपदको समयमा खोज, उद्धार, घाइतेहरुको व्यवस्थापन, धनमाल, पशु चौपायहरु जोगाउन महत्वपूर्ण सहयोग गर्नु हुने नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, सञ्चार कर्मी, नागरिक समाज लगायत सबै सहयोगीहरु प्रति कृतज्ञता व्यक्त गर्दछु ।

मितिः २०७८।०७।०५ गते

२०७८।७।५

..................

पूर्णा जोशी

मन्त्री

ईमेलः moiaffairsandlaw7@gmail.com फोन नं. 091526688